**मध्यपश्चिम विश्वविद्यालय**

# परीक्षा व्यवस्थापन कार्यालय

**सुर्खेत, नेपाल**

**सत्रान्त परीक्षा - २०८२**

**बी.एड./पाँचौं सेमेस्टर**

विषय: **ऐतिहासिक भाषाविज्ञान** (नेपा.शि.४५४/४५५)

---

सिम्बोल नं. ..........................

**समूह 'क'** १०x१=१०

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस्।**

१. कुनै पनि भाषाको जन्म, विकास र परिवर्तनको अध्ययन गर्ने भाषाविज्ञानको शाखा कुन हो ? .
   (क) वर्णनात्मक भाषाविज्ञान (ख) कालक्रमिक भाषाविज्ञान
   (ग) ऐतिहासिक भाषाविज्ञान (घ) तुलनात्मक भाषाविज्ञान

२. नेपालमा वक्ता सङ्ख्याका दृष्टिले सबैभन्दा ठूलो भाषापरिवार कुन हो ?
   (क) द्रविड (ख) भोटचिनियाँ
   (ग) आग्नेली (घ) भारोपेली

३. ग्रिस साम्राज्यको पतन र रोम साम्राज्यको उदय पछि अझ द्रुत विकास हुँदै आएको केन्तुम वर्गको भाषा कुन हो ?
   (क) केल्टेली (ख) जर्मनेली
   (ग) इटालेली (घ) ग्रिसेली

४. नेपालमा चिनियाँ तिब्बती परिवारको सबैभन्दा बढी हाँगा बिँगा भएको भाषा कुन हो ?
   (क) राई (ख) मगर
   (ग) लिम्बू (घ) थकाली

५. कुनै पनि भाषामा अन्य भाषाका तत्वहरू भित्रिनु कुनसँग सम्बन्धित छ ?
   (क) भाषिक आवश्यकता (ख) भाषिक थपोट
   (ग) भाषिक सम्पर्क (घ) भाषिक आगमन

६. नेपालमा चेपाङ भाषा बोल्नेहरूको मूल थलो कुन हो ?
   (क) झापा मोरङ र सिराहा (ख) मकवानपुर, चितवन र धादिङ
   (ग) दोलखा, रामेछाप र सिन्धुली (घ) मनाङ, मुस्ताङ र बाग्लुङ

७. कुन भाषाको निश्चित भाषिक समुदाय हुँदैन ?
   (क) स्थानीय भाषा (ख) पिजिन भाषा
   (ग) बोलचालको भाषा (घ) क्रेओल भाषा

८. मध्यकालीन आर्यभाषा कालमा कुन भाषा बोलिन्थ्यो ?
   (क) प्राकृत भाषा (ख) वैदिक र लौकिक संस्कृत भाषा
   (ग) अपभ्रंश भाषा (घ) पिशाचको भाषा

९. पहिला सामान्य अर्थ दिने शब्दले पछि उच्चकोटिको अर्थ दिनु अर्थ परिवर्तनको कुन प्रक्रिया हो ?
   (क) अर्थादेश (ख) अर्थावनति
   (ग) अर्थसङ्कोच (घ) अर्थोन्नति

१०. ध्वनि परिवर्तनका प्रकार अन्तर्गत आदि स्वर लोपको अवस्था कुन हो ?
   (क) जङ्गा - जाँग (ख) गोरखा - गोर्खा
   (ग) उपाध्याय - पाध्याय (घ) गानू - गाना

मध्यपश्चिम विश्वविद्यालय

**परीक्षा व्यवस्थापन कार्यालय**

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८२

**बी.एड./पाँचौं सेमेस्टर** पूर्णाङ्क: ६०

**समय: ३ घण्टा** उत्तीर्णाङ्क: ३०

विषय: **ऐतिहासिक भाषाविज्ञान** (नेपा.शि.४५४/४५५)

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ।*

**समूह 'ख'** ६x५= ३०

**तल दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।**

१. ऐतिहासिक भाषाविज्ञानको क्षेत्र र सीमा निर्धारण गर्नुहोस्।

२. आर्यभाषाको विकासक्रम उल्लेख गर्दै प्राचीन आर्य भाषाको जानकारी दिनुहोस्।

३. भाषिक परिवर्तन अन्तर्गत अर्थगत परिवर्तनका प्रकारलाई उदाहरणसहित स्पष्ट पार्नुहोस्।

**अथवा**

ध्वनि परिवर्तनका प्रकारहरू उल्लेख गर्दै रकार र जकारी भवन प्रक्रियालाई उदाहरणसहित प्रष्ट पार्नुहोस्।

४. भाषिक परिवर्तनका बाह्य कारण के के हुन् ? स्पष्ट गर्नुहोस्।

५. भाषिक आगमन, पिजिन र क्रेओल भाषालाई चिनाउनुहोस्।

६. योगात्मक भाषाको परिचयसहित यस अन्तर्गतका भाषाको तालिकीकरण गर्नुहोस्।

**अथवा**

भारोपेली भाषा परिवारभित्रका भाषाको वर्गीकरणका आधारहरू उल्लेख गर्दै सतम् वर्गका भाषाको चर्चा गर्नुहोस्।

**समूह 'ग'** २x१०= २०

**तल दिइएका प्रश्नहरूको लामो उत्तर दिनुहोस्।**

७. आन्तरिक र बाह्य पुनर्निर्माण पद्धतिका आधारमा भाषाको इतिहासको खोजी कसरी गर्न सकिन्छ ? स्पष्ट गर्नुहोस्।

८. नेपालका भाषा परिवार र त्यस अन्तर्गतका प्रमुख भाषाको सविस्तार चर्चा गर्नुहोस्।

**अथवा**

संसारमा बोलिने प्रमुख भाषापरिवारको सूची तयार गरी जापानी कोरियाली र अमेरिकाली भाषा परिवार र तिनका भाषिक विशेषता उल्लेख गर्नुहोस्।

**समाप्त**